आज मिति २०८० वैशाख १६ गते शनिबारका दिन बागचौर नगर कार्यपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुम्निमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केशव बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |

[illegible] साह वडा नं.५ वडा सदस्य

कल्पना डाँगी व.ड. ९. वडा महिला सदस्य

कार्यपालिका बैठक नं. १० मिति २०८०।०१।१६ ( आ.व. २०७९।०८०)

**प्रस्तावहरुः**

१) सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
२) जनता आवास र विपन्नको घर निर्माण कार्यक्रम सम्बन्धमा ।
३) बागचौर नगरपालिकाको लोगो निर्माण सम्बन्धमा ।
४) विविध ।

निर्णयहरुः

**निर्णय नं. १ः** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत आ.व. २०७९।०८० को रातो किताबको सि.नं.१३६ खर्च शिर्षक ३११११ सुरक्षित नागरिक आवास कार्यक्रम शिर्षकमा रकम रु ४८ लाख विनियोजित भएकोले यस नगरपालिकाका सम्पुर्ण वडाहरुमा प्रति वडा ८ घरधुरी छनौट गरी प्रति घरधुरी रु ५० हजारका दरले कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो। साथै उक्त घरधुरीको घरपरिवार सम्बन्धित वडाको सिफारिसका आधारमा छनौट गरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ः** जनता आवास र विपन्नको घर निर्माण कार्यक्रम सम्बन्धमा छलफल हुदा मिति २०७९ चैत्र २६ गतेको पूर्वाधार विकास कार्यायल सल्यानको पत्रानुसार कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यविधि, २०७५ को दफा ४ र कर्णाली प्रदेश विपन्नको घर निर्माण कार्यान्वयन कार्यविधि, २०७८ को दफा ६ बमोजिम तपसिल बमोजिमको घरधुरी छनौट गरि पूर्वाधार विकास कार्यालय सल्यानमा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम थर | वडा नं. | कै. |
|---|---|---|---|
| १ | फौदी कामी | वडा नं. ५ | जनता आवास कार्यक्रम |
| २ | सुनिता वि.क | वडा नं. १२ | जनता आवास कार्यक्रम |
| ३ | लाल विर खत्री | वडा नं. ८ | विपन्न वर्ग |
| ४ | प्रशाराम बुढाथोकी | वडा नं. ९ | विपन्न वर्ग |

**निर्णय नं. ३ः** स्थानीय सरकारले आफ्नो पहिचान झल्किने गरि प्रतिक चिन्ह (लोगो) निर्माण गर्नको लागि यस नगरपालिकाले पनि आफ्नो पहिचान, ऐतिहासिकता, जनजीवन, भुगोल, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय लगायतका क्षेत्रलाइ समेटेर प्रतिक चिन्ह (लोगो) बनाउन ३० दिनको

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

समयावधि राखि सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै छनोट हुने प्रतिक चिन्हको डिजाइनरलाई सम्मान पत्र सहित रु. २५००० नगद पुरस्कार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** ४ः मिति २०७९।१२।२६ गतेका दिन बागचौर नगरपालिका वडा नं. १ निबासी ईन्द्र बहादुर बस्नेतको घर र गोठ आगलागी भइ पूर्ण रुपले क्षति भएको हुँदा निजको घर निर्माणका लागि आवश्यक जस्तापाता उपलब्ध गराउन प्राविधिक लागत अनुमान बमोजिमको रु.६४०००।०० तथा उपलब्ध गराइएको राहत बराबरको रकम विपद् व्यवस्थापन शिर्षकबाट खर्च हुने गरि आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.** ५ः बागचौर नगरपालिका वडा नं. १२ निबासी तुलाराम खत्रीको घर आगलागी भएकोले सहायता स्वरुप विपद् व्यवस्थापन समिति तथा वडा कार्यालयको सिफारिस र प्राविधिक प्रतिवेदनका आधारमा विपद् व्यवस्थापन शिर्षकबाट जस्तापाता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** ६ः यस बागचौर नगरपालिकाको मेयर कप प्रतियोगिता यहि मिति २०८० जेठ ७ गते देखि १० गते सम्म सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.** ७ः जलवायु अनुकुलन कार्यक्रम २ अन्तरगत यस नगरपालिकामा कार्यरत सव-ईन्जिनियर खकेन्द्र वलिको कार्यसम्पादनको सम्बन्धमा जनगुनासो प्राप्त भएकोले सो सम्बन्धमा के कसो भएको हो भनी लिखित स्पष्टीकरण माग गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत